# धरान उपमहानगरपालिकाको
# आर्थिक वर्ष २०८३/०८४ को बजेट वक्तव्य

आदरणीय नगर सभा सदस्यज्यूहरु !

१. सङ्घीय लोकतान्त्रिक गणतन्त्र नेपालको राज्य पुनर्संरचना पश्चात दोश्रो कार्यकालको लागि सम्पन्न भएको स्थानीय तहको निर्वाचन २०७९ बाट निर्वाचित भएपश्चात हामीले कार्यारम्भ गरेको चार वर्ष पूरा भइसकेको छ। हाम्रो कार्यकालको पाँचौं बजेट २०८३ असार १० भित्रमा पेश भई असार मसान्सम्ममा स्वीकृत भइसक्नु पर्नेमा विविध कारणले समयमा हुन नसके पनि नगरपालकामा प्रनिधित्व गर्ने सबै राजनीतिक दलहरुको सहमतिमा ढिलै भएपनि यस उपमहानगरपालिकाको आर्थिक वर्ष २०८३/०८४ को वार्षिक बजेट तथा कार्यक्रम नगर कार्यपालिकाको निर्णय अनुसार यस नगर सभामा प्रस्तुत गर्न पाउँदा गौरवान्वित महशुश गरेको छु।

२. यो अवसरमा नेपालको अग्रगामी राजनीतिक परिवर्तनका लागि आफ्नो जीवन उत्सर्ग गर्नुहुने विभिन्न कालखण्डमा भएका जनआन्दोलन, मधेश आन्दोलन, जनयुद्ध, Gen Z आन्दोलन र अन्य विभिन्न किसिमका न्यायपूर्ण आन्दोलनमा सहादत प्राप्त गर्नुहुने महान शहीदहरुप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछु। साथै घाईते, अपाङ्ग योद्धाहरुप्रति सम्मान व्यक्त गर्दै बेपत्ता योद्धाहरुप्रति सलाम व्यक्त गर्दछु।

३. हामीले धरान उपमहानगरपालिकाको नेतृत्व लिइरहेको अहिलेको अवस्थामा नगरवासीहरुको विकासप्रतिको असीमित आकाङ्क्षाहरु छन्। हामीसँग भएको सीमित स्रोतसाधनको अत्युत्तम् उपयोग गर्दै नगरवासीहरुलाई प्राथमिकताको आधारमा उपमहानगरपालिकाबाट प्रदान गरिने सेवा सुविधाको प्रभावकारिता प्रदर्शन गरी परिवर्तनको अनुभूती गराउने प्रयास गरेका छौं।

४. चालु आ.व.को बजेट तयार गर्दा नेपालको संविधान, अन्य प्रचलित सङ्घीय तथा प्रदेश कानून, नेपाल सरकारको १६ औं योजना, दीर्घकालीन विकास लक्ष्य, दिगो विकास लक्ष्य, नेपाल सरकार तथा प्रदेश सरकारका नीति तथा कार्यक्रमहरु, यस उपमहानगरपालिकाको आवधिक योजना, विगत वर्षहरुका नीति तथा कार्यक्रमहरुलाई मार्गदर्शनको रुपमा लिँदै आम नगरवासीको चाहना, अभिमत र अपेक्षालाई केन्द्रविन्दुमा राखी स्रोतको उपलब्धताको आधारमा द्रुत गतिमा विकासको प्रतिफल हासिल गर्दै सामाजिक न्यायको प्रबर्द्धन गर्नेगरी बजेट विनियोजन प्रस्ताव गरिएको छ।

अब म आ.व.२०८२/०८३ को सङ्क्षिप्त समीक्षा प्रस्तुत गर्न अनुमती चाहन्छु।

**आयतर्फ :**

५. आर्थिक वर्ष २०८२/०८३ मा आन्तरिक स्रोतबाट रु. ८९ करोड ५३ लाख ६५ हजार, संघीय सरकार समानिकरण अनुदानबाट रु. २८ करोड ४१ लाख, सशर्त अनुदानबाट रु. ५४ करोड ९३ लाख, विशेष अनुदानबाट रु. ५ करोड ४३ लाख र समपुरक अनुदानबाट रु.५२ लाख सहित जम्मा रु. ८९ करोड २९ लाख, प्रदेश सरकारबाट समानिकरण अनुदानबाट रु. २ करोड ७९ लाख ६७ हजार, शसर्त अनुदानबाट रु. ३ करोड ६३ लाख ७७ हजार, समपुरक अनुदानबाट रु. १ करोड ३० लाख सहित प्रदेश सरकारबाट जम्मा रु. ७ करोड ७३ लाख ४४ हजार, संघीय राजस्व बाँडफाँटबाट रु. १९ करोड ९१ लाख ५७ हजार, प्रदेश राजस्व बाँडफाँटबाट १ करोड ९१ लाख ५० हजार र स्थानीय राजस्व बाँडफाँटबाट १२ करोड ३५ लाख गरी यस उपमहानगरपालिकाले उक्त आ.व.को लागि गरेको शुरु अनुमान रु. २ अर्ब २० करोड ७४ लाख ५९ हजारमा संघ सरकार र प्रदेश सरकारबाट थपघट भई आएको रकम समेत समावेश गरी रु. २ अर्ब २४ करोड ०७ लाख ८३ हजार कूल बजेट कायम हुन आएको छ।

६. आर्थिक वर्ष २०८२/०८३ को असार मसान्तसम्म नगद मौज्दात ९ करोड २८ लाख समेत गर्दा आन्तरिक स्रोत तर्फ ४१ करोड ९८ लाख ६४ हजार २ सय २५, (अनुमानको ४६.८९%), संघीय सरकार अनुदान रु. ७८ करोड ५९ लाख ०७ हजार ७ सय ९३ (अनुमानको ८६.४१%), प्रदेश सरकार अनुदान रु. ७ करोड ७९ लाख ७४ हजार ९ सय ८७ (अनुमानको ८२.९१%) र संघीय राजस्व राजस्व बाँडफाँडबाट १९ करोड ५७ लाख ९९ हजार ५९६ रुपैंया (अनुमानको ९८.३१%) र प्रदेश राजस्व बाँडफाँटबाट रु. १ करोड ५३ लाख ७४ हजार ४ सय ८४ रुपैंया (अनुमानको ८०.२८%), स्थानीय राजस्व बाँडफाँटबाट रु. १२ करोड ०४ लाख १७ हजार समेत गरी कूल रकम रु. १ अर्ब ६१ करोड ५३ लाख ३८ हजार ०८९ रुपैंया ४२ पैसा (अनुमानको ७२.०८%) प्राप्त भएको छ।

<u>व्यय तर्फः</u>

७. गत आर्थिक वर्षमा व्यय तर्फ संशोधनसहित रु. २ अर्ब २४ करोड ०७ लाख ८३ हजार कूल अनुमान गरिएकोमा असार मसान्तसम्ममा यथार्थ खर्च रु. १ अर्ब ४२ करोड ३५ लाख ९६ हजार २३४ रुपैंया ३६ पैसा भई लक्ष्यको ६३.५३% मात्र वित्तीय प्रगति भएको छ। त्यसमध्ये चालुतर्फ ९७ करोड २ लाख ६८ हजार २१७ रुपैयाँ ७२ पैसा (अनुमानको ८४.३१%), पूँजीगततर्फ रु. ३९ करोड ८३ लाख २८ हजार १६ रुपैयाँ ५४ पैसा (३९.५६%) र वित्तीय व्यवस्थातर्फ रु. ५ करोड ५० लाख (अनुमानको ६६.१४%) वित्तीय प्रगति भएको जानकारी गराउन चाहन्छु।

**अब म आ.व.२०८३/०८४ को बजेट सम्बन्धमा संक्षेपमा प्रस्तुत गर्न चाहन्छु।**

<u>बजेटका उद्देश्य :</u>

८. धरान उपमहानगरको आर्थिक समृद्धि र नगरवासीको समुन्नती एवम् सुखको लागि दीगो र उच्च प्रतिफल दिने आयोजनाहरु पहिचान गरी नागरिक एवम् सरोकारवालाहरुको सहभागिता सुनिश्चित गर्दै प्रभावकारी कार्यान्वयन मार्फत शिक्षा, स्वास्थ्य, स्वच्छ खानेपानी र पूर्वाधार सुविधासम्पन्न बहुसाँस्कृतिक आधुनिक शहरको पहिचान कायम गर्ने बजेटको मूल उद्देश्य रहेको छ। बजेटका क्षेत्रगत उद्देश्यहरु निम्न अनुसार उल्लेख गरेको छु।

**क्षेत्रगत उद्देश्यः**

क) **आर्थिक विकासः**

आधुनिक प्रविधिमा आधारित कृषि तथा व्यावसायिक पशुपालनको विस्तार गर्दै **घरेलु तथा साना उद्योगलाई उच्च प्राथमिकता** दिई कृषि तथा वनजन्य उत्पादनमा आधारित उद्योगहरूको स्थापना, विकास र प्रवर्द्धन गर्ने। स्थानीय स्रोत, साधन, सीप र कच्चा पदार्थको अधिकतम उपयोगमार्फत घरेलु उद्योगको व्यवसायीकरण, रोजगारी तथा आयआर्जनका अवसर सिर्जना गरी स्थानीय अर्थतन्त्र सुदृढ गर्दै नागरिकको जीविकोपार्जनमा सुधार ल्याउने।

ख) **सामाजिक विकासः**

अपाङ्गता भएका व्यक्ति, दलित, ज्येष्ठ नागरिक, महिला तथा बालबालिका, भूमिहीन तथा सुकुम्बासी लगायतका सीमान्तकृत तथा जोखिममा रहेका समुदायको सामाजिक संरक्षण र सुरक्षालाई प्राथमिकता दिई उनीहरूको अधिकार, सम्मान, अवसर र सामाजिक समावेशिता सुनिश्चित गर्ने।

ग) **पूर्वाधार विकासः**

दीगो, वातावरणमैत्री, गुणस्तरीय र मौलिक साँस्कृतिक पहिचानसहितका शहरी पूर्वाधार निर्माण गर्ने।

घ) **खानेपानी र सरसफाइः**

स्वच्छ र सफा शहरको निर्माण र खानेपानी समस्याको तत्कालीन व्यवस्थापन गर्ने र दीर्घकालीन समाधानका आधारहरु स्थापना गर्ने।

ङ) **वन, वातावरण तथा विपद् व्यवस्थापनः**

विपद् उत्थानशील कार्यक्रमहरु सञ्चालन गर्ने, पार्क तथा सडकहरुको हरियाली सौन्दर्यकरण र राष्ट्रिय तथा सामुदायिक वनको संरक्षण गर्ने, सिमसार तथा जलाधार क्षेत्रको संरक्षण गर्ने।

च) **सुशासन तथा संस्थागत विकासः**

विकेन्द्रीत एवम् विद्युतीय शासन प्रणाली मार्फत नगरवासीलाई प्रभावकारी सेवा प्रवाह, कर्मचारी तथा जनप्रतिनिधिहरुको क्षमता विकास गर्ने।

९. **बजेटका प्राथमिकताहरुः**

आगामी आर्थिक वर्ष २०८३/०८४ को बजेटका प्राथमिकताहरु निम्नानुसार रहेका छन्।

१. आर्थिक विकास र समन्याय,

२. स्वच्छ खानेपानी सुविधा सहितको पूर्वाधार विकास,

३. शिक्षा, स्वास्थ्य तथा सामाजिक विकास,

४. पर्यटन,

५. कृषि,

६. विपद व्यवस्थापन

**क्षेत्रगत विनियोजन**

**नगर सभा सदस्यज्यूहरु !**

अब म आगामी आ.व. २०८३।०८४ को व्ययको क्षेत्रगत अनुमान प्रस्तुत गर्न चाहन्छु ।

१०.**वडागत बजेटतर्फः**

उपमहानगरका २० वटै वडाहरुको लागि प्रशासनिक¸ कार्यक्रम तथा पूँजीगत तर्फ विगत आ.व.मा ५ करोड थप गरी २६ करोड कायम गरिएको र गत आ.व.को भुक्तानी दिन बाँकी समेत कूल जम्मा रु. २८ करोड ७० लाख ९४ हजार विनियोजन गरेको छु।

११.**शहरी योजना तथा भौतिक पूर्वाधार विकास तर्फः**

शहरी योजना तथा भौतिक पूर्वाधार विकासको लागि सशर्त अनुदान तर्फ रु. ९९ करोड ५० लाख समेत **खाल्डाखुल्डीमुक्त नगर** बनाउने कार्यक्रमको लागि रु. ४ करोड, **भानुचोक सौन्दर्यीकरण तथा स्थायी स्टेज निर्माण**को लागि रु. १ करोड, प्रदेश सरकारको समपुरक अनुदानसमेतबाट **धरान सभागृह निर्माणको लागि** रु. २ करोड लगायतका पूर्वाधार निर्माण कार्यक्रमहरुको लागि कूल रु. ९९ करोड ५० लाख विनियोजन गरेको छु।

१२.**शिक्षा, युवा तथा खेलकुद तर्फः**

शिक्षा युवा तथा खेलकुद तर्फ संघ तथा प्रदेश सरकारको सशर्त अनुदान रु. ४७ करोड ६१ लाख ८२ हजार समेत **एउटा सामुदायिक विद्यालयलाई स्कूल बस उपलब्ध गराउने कार्यक्रमको लागि मात्र ५० लाख** समेत जम्मा रु. ४९ करोड ८६ लाख ८२ हजार विनियोजन गरेको छु।

१३.**स्वास्थ्यतर्फः**

स्वास्थ्यतर्फ घोषित विभिन्न नीति तथा कार्यक्रमलाई संवोधन गर्न सशर्त अनुदान रु. ९ करोड ३३ लाख र **नगर अस्पताल सञ्चालन**को लागि रु.२ करोड, **बीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानसँग सहकार्य गर्ने कार्यक्रम**को लागि रु. ५० लाख समेत जम्मा रु. १२ करोड ४५ लाख बजेट विनियोजन गरेको छु।

१४.**सामाजिक विकासतर्फः**

सामाजिक समावेशीकरण, सकरात्मक विभेद तथा लक्षित कार्यक्रमहरु संचालन गर्न सशर्त अनुदानबाट रु. ४ करोड ८ लाख, **सुकुम्वासी व्यवस्थापनको लागि रु. ५० लाख, सिटी सफारी र टेम्पो चालकहरुको दूर्घटना सहयोग कोषको लागि २० लाख, सडक मानव व्यवस्थापनको लागि २० लाख, विविध खेलकूद कार्यक्रमको लागि रु. २ करोट ४३ लाख, बाँदर नियन्त्रणको लागि १० लाख, विपन्न परिवार छानो सहयोग कार्यक्रमको लागि १२ लाख, लैङ्गिक समानता तथा समावेशीकरणको लागि १ करोड ५ लाख, विपन्न परिवारका सदस्यको दाहसंस्कारमा साझेदारीको लागि १० लाख समेत गरी** आन्तरिक वियोजन तर्फ मात्र जम्मा रु. १० करोड ०४ लाख बजेट विनियोजन गरेको छु।

१५. **आर्थिक विकासतर्फः**

अर्थतन्त्रको मेरुदण्डको रुपमा रहेको आर्थिक क्षेत्रको लागि सशर्त अनुदान रु. १ करोड २८ लाख ७० हजार, **संङ्कटग्रस्त सहकारीहरुको व्यवस्थापन गर्न रु. ५ करोड** समेत कृषि, पशु, पर्यटन, उद्योग, उद्यम तथा रोजगारी सम्बन्धी विभिन्न कार्यक्रमा संचालन गर्न आन्तरिक विनियोजन तर्फ मात्र रु. ६ करोड ८० लाख बजेट विनियोजन गरेको छु।

१६. **वन वातावरण ऊर्जा तथा विपद व्यवस्थापन तर्फः**

वातावरण, ऊर्जा, जलवायु अनुकूलनका कार्यहरु, बिपद् व्यवस्थापनको पूर्वतयारी सम्बन्धी लगायतका काम र विपद् व्यवस्थापन कोषको लाग२ करोड समेत अन्य कार्यक्रमको लागि आन्तरिक स्रोतबाट बेहोरिने कूल जम्मा रु. ३ करोड ९५ लाख ७५ हजार बजेट विनियोजन गरेको छु।

१७. **कानून तथा न्याय सम्पादन तर्फः**

कानून तथा न्याय सम्पादन तर्फ आन्तरिक स्रोतबाट रु. २० लाख बजेट विनियोजन गरेको छु।

१८. **खानेपानी तर्फः**

धरानको खानेपानी आपूर्तिलाई अझ भरपर्दो र विश्वसनीय बनाउन चतरास्थित **कोशी नदीबाट पानी आपूर्ति गर्न नेपाल सरकारले विनियोजन गरेको बजेटको साझेदारीको लागि** आन्तरिक स्रोतबाट **रु. ३ करोड ११ लाख** विनियोजन गरेको छु।

१९.**राजस्व परिचालन तर्फः**

राजस्व सुधार तथा संस्थागत क्षमता विकास र स्थलगत सूचना संकलन अन्तर्गत नगरको आन्तरिक स्रोत परिचालन गरी क्रमशः आत्मनिर्भर हुँदै जाने नीति अनुरुप राजस्व सुधार कार्यक्रमको लागि आन्तरिक स्रोतबाट रु. ५३ लाख विनियोजन गरेको छु।

## २०.नगर भिजन कार्यक्रम तर्फः

यस अन्तरगत नगरको दीर्घकालीन सोचलाई परिलक्षित गरी विभिन्न कार्यक्रमहरु सञ्चालन गर्न ३ करोड विनियोजन गरेको छु।

## २१. वडागत विनियोजन तर्फः

सङ्घीयताको मर्मलाई साकार पार्न वडा कार्यालयबाटै कार्यान्वयन गर्नेगरी निम्नानुसार बजेट विनियोजन गरिएको छ।

| धरान उपमहानगरपालिका | | | | | |
|---|---|---|---|---|---|
| आ. व. २०८३/०८४ को वडागत बजेट सीमा | | | | | |
| वडा नं. | २०८२/०८३ को बजेट | २०८३/०८४ मा थप | जम्मा | गत आ.व.को दायित्व | कूल जम्मा बजेट |
| १ | ७७,३४,५००.०० | १८,४२,०००.०० | ९५,७६,५००.०० | १३,१२,०००.०० | १,०८,८८,५००.०० |
| २ | ६९,१९,३००.०० | १६,४७,०००.०० | ८५,६६,३००.०० | १,५१,६००.०० | ८७,१७,९००.०० |
| ३ | ६८,७९,१००.०० | १६,३८,०००.०० | ८५,१७,१००.०० | १३,०२,७००.०० | ९८,१९,८००.०० |
| ४ | १,११,०३,५००.०० | २६,४४,०००.०० | १,३७,४७,५००.०० | ४५,०००.०० | १,३७,९२,५००.०० |
| ५ | १,१६,१२,५००.०० | २७,६५,०००.०० | १,४३,७७,५००.०० | २,५०,०००.०० | १,४६,२७,५००.०० |
| ६ | १,१०,६७,८००.०० | २६,३५,०००.०० | १,३७,०२,८००.०० | ३,६४,४००.०० | १,४०,६७,२००.०० |
| ७ | ६६,२१,४००.०० | १५,७७,०००.०० | ८१,९८,४००.०० | ५,२९,०००.०० | ८७,२७,४००.०० |
| ८ | १,३५,४०,४००.०० | ३२,२४,०००.०० | १,६७,६४,४००.०० | ५,५४,०००.०० | १,७३,१८,४००.०० |
| ९ | ७४,३९,८००.०० | १७,७०,०००.०० | ९२,०९,८००.०० | १,१०,०००.०० | ९३,१९,८००.०० |
| १० | ७९,१९,६००.०० | १८,८६,०००.०० | ९८,०५,६००.०० | ७,३०,०००.०० | १,०५,३५,६००.०० |
| ११ | १,२६,२५,०००.०० | ३०,०६,०००.०० | १,५६,३१,०००.०० | २२,६२,०००.०० | १,७८,९३,०००.०० |
| १२ | ७६,६३,१००.०० | १८,२५,०००.०० | ९४,८८,१००.०० | ६,३४,७००.०० | १,०१,२२,८००.०० |
| १३ | १,०७,७६,९००.०० | २५,६६,०००.०० | १,३३,४२,९००.०० | १८,६४,७००.०० | १,५२,०७,६००.०० |
| १४ | ८१,४६,०००.०० | १९,४०,०००.०० | १,००,८६,०००.०० | ५,५३,८००.०० | १,०६,३९,८००.०० |
| १५ | १,९०,८७,८००.०० | ४५,४५,०००.०० | २,३६,३२,८००.०० | ७८,०९,८००.०० | ३,१४,४२,६००.०० |
| १६ | १,१४,२८,८००.०० | २७,२०,०००.०० | १,४१,४८,८००.०० | १९,२५,०००.०० | १,६०,७३,८००.०० |
| १७ | १,६२,९३,७००.०० | ३८,७९,०००.०० | २,०१,७२,७००.०० | ३०,४३,०००.०० | २,३२,१५,७००.०० |
| १८ | ८१,९७,०००.०० | १९,५२,०००.०० | १,०१,४९,०००.०० | ७,६१,०००.०० | १,०९,१०,०००.०० |
| १९ | १,११,१५,०००.०० | २६,४६,०००.०० | १,३७,६१,०००.०० | ८,०३,८००.०० | १,४५,६४,८००.०० |
| २० | १,३८,२८,८००.०० | ३२,९३,०००.०० | १,७१,२१,८००.०० | २०,८७,५००.०० | १,९२,०९,३००.०० |
| जम्मा | २१,००,००,०००.०० | ५,००,००,०००.०० | २६,००,००,०००.०० | २,७०,९४,०००.०० | २८,७०,९४,०००.०० |

यसरी वडा कार्यालयहरु तर्फ साविकको बजेटमा रु. ५ करोड थप तथा गत आ.व.को दायित्व भुक्तानीसमेतको लागि **२८ करोड ७० लाख ९४ हजार विनियोजन गरेको छु।**

२२.**नगर कार्यपालिका तर्फः**

नगरकार्यपालिका तर्फ देहायक स्रोतहरुको बजेट जम्मा **रुपैयाँ २ अर्ब ४७ करोड ४८ लाख ३३ हजार मात्र** विनियोजन गरेको छु।

| | | |
|---|---|---|
| क. | नगर सभाबाट विनियोजन हुने (निशर्त) बजेट रु. | १,८२,७०,८१,०००/- |
| ख. | सशर्त अनुदानबाट प्राप्त हुने बजेट रु. | ६२,९७,५२,०००/- |
| ग. | समपुरक अनुदानको बजेट | १,०५,००,०००/- |
| घ. | विशेष अनुदानबाट प्राप्त हुने बजेट रु. | ७५,००,०००/- |
| | **जम्माः** | **२,४७,४८,३३,०००/-** |
| | **(रुपैयाँ २ अर्ब ४७ करोड ४८ लाख ३३ हजार मात्र)** | |

**नगर सभा सदस्यज्यूहरु !**

२३.माथिका क्षेत्रगत नीति तथा कार्यक्रमहरु कार्यान्वयनको गर्न चालु, पूँजीगत र वित्तीय व्यवस्था समेतको लागि नगर कार्यपालिका तर्फ रु.२ अर्ब ४७ करोड ४८ लाख ३३ हजार मात्र र वडा कार्यालय तर्फ रु. २८ करोड ७० लाख ९४ हजार समेत गरी कूल जम्मा रु. २ अर्ब ७६ करोड १९ लाख २७ हजार मात्र विनियोजन गरेको छु।

२४.आगामी आर्थिक वर्षको लागि खर्च बेहोर्ने स्रोत मध्ये आन्तरिक राजस्वबाट रु. १ अर्ब ४० करोड ९४ लाख ८८ हजार, संघीय सरकार अनुदानबाट रु. ८६ करोड १९ लाख, प्रदेश सरकार अनुदान रु. ९ करोड १६ लाख ४८ हजार, राजस्व बाँडफाँटबाट रु. ३२ करोड ८८ लाख ९१ हजार सडक बोर्ड, नेपालबाट रु. १ करोड र गत वर्षको मौज्दातबाट रु. ७ करोड प्राप्त हुने अनुमान गरेको छु।

अन्तमा आ. व. २०८३/०८४ को बजेट तथा कार्यक्रम तर्जुमा कार्यमा संलग्न राजश्व परामर्श समिति, स्रोत अनुमान तथा बजेट सिमा निर्धारण समिति, विभिन्न विषयगत समितिहरु, सबै वडा समितिहरु, बजेट तथा कार्यक्रमका लागि अमूल्य राय सुझाव उपलब्ध गराउने राजनीतिक दल, प्राज्ञिक वर्ग, पत्रकार, नगरका गन्यमान्य व्यक्तित्वहरु, नगर कार्यपालिका सदस्यहरु, नगर सभाका सदस्यहरुप्रति हार्दिक आभार व्यक्त गर्दछु। सम्पूर्ण कर्मचारी र सरोकारवालामा धन्यवाद ज्ञापन गर्दछु। साथै यो कार्यक्रम तथा बजेटको सफल र प्रभावकारी कार्यान्वयनमा समेत सबैको साथ सहयोगको सदा झैं अपेक्षा गर्दछु। सबैमा हार्दिक धन्यवाद। जय धरान।
अइन्द्रबिक्रम बेघा

संयोजक, बजेट तर्जुमा समिति
एवं कार्यबाहक प्रमुख
२०८३ श्रावण २८ गते तदनुसार
नेपाल सम्बत् ११४६ गुंलाथ्वः १, बिहिबार